# अर्थ बुलेटिन

वर्ष ३ अंक ७ माघ, २०७८



नेपाल सरकार
अर्थ मन्त्रालय




### सम्पादकीय

- आर्थिक वर्ष २०७८/७९ को माघसम्म राजस्व परिचालन २३.० प्रतिशतले वृद्धि भएको छ। व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ। संघीय सरकारी खर्च १८.२ प्रतिशतले वृद्धि भएको भए तापनि पूँजीगत खर्चमा सुधार हुन सकेको छैन। वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा न्यून रहेको छ।
- कुल वस्तु निर्यातमा उच्च वृद्धि भएको छ भने कुल वस्तु आयातमा समेत वृद्धि भएको छ। कुल वस्तु व्यापारमा निर्यातको अंश वृद्धि भएको छ तथापि आयात व्यापारको आकार ठूलो भएको कारण व्यापार घाटा बढेको छ।
- वैदेशिक रोजगारमा जाने कामदारको संख्या गत वर्षको तुलनामा वृद्धि भएको छ भने विप्रेषण आप्रवाहमा कमी आएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै घाटामा छन्। फलस्वरुप विदेशी मुद्रा सञ्चिति समेत संकुचन आएको छ। समग्रमा अर्थतन्त्रका बाह्य क्षेत्रका परिसूचकहरुमा परेको चाप अझै कायमै छ।


**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं


## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७८/७९ को माघ महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ४ खर्ब ९९ अर्ब ९४ करोडको तुलनामा १८.२ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ९१ अर्ब २ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. ४ खर्ब ७५ अर्ब ६२ करोड, पूँजीगत खर्च रु. ६० अर्ब ७९ करोड र वित्तीय व्यवस्था तर्फ रु. ५४ अर्ब ६१ करोड रहेको छ। यस अवधिको चालु खर्चमा १६.९ प्रतिशतले वृद्धि भएको छ भने पूँजीगत खर्चमा ३.५ प्रतिशतले कमी आएको छ। वित्तीय व्यवस्था तर्फको खर्चमा उल्लेख्य वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको माघ महिनासम्मको खर्चको स्थिति (रु. करोडमा)**

| विवरण/आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| चालु | ३६४५९.९८ | ३५१०७.३२ | ३६५७५.०३ | ४०६८०.८२ | ४७५६२.४० |
| पूँजीगत | ६६१५.९४ | ७०६६.०८ | ७७२७.५३ | ६३०१.८० | ६०७८.९६ |
| वित्तीय व्यवस्था | २५०५.८३ | ३२१३.५७ | ४४०६.१६ | ३०११.३२ | ५४६१.१३ |
| **कुल खर्च** | **४५५८१.७५** | **४५३८६.९७** | **४८७०८.७२** | **४९९९३.९४** | **५९१०२.४९** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको पहिलो सात महिनाको कुल संघीय सरकारी खर्चमा असोज र पुष महिनामा खर्च प्रतिशत सबैभन्दा बढी क्रमशः २४.५ प्रतिशत २०.२ प्रतिशत रहेको छ भने साउन र कात्तिक महिनामा सबैभन्दा कम क्रमशः १.८ प्रतिशत र ९.० प्रतिशत रहेको छ ।

**तालिका (ख): चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रु. करोडमा)**

| महिना | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल संघीय खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ९५५.७५ | ९३.५० | ०.०० | १०४९.२५ | ०.०१८ |
| भदौ | ४९०३.७३ | १६७.३७ | २८७३.२३ | ७९४४.३३ | ०.१३४ |
| असोज | १२७९२.८६ | १२२८.०६ | ४३७.८७ | १४४५८.७९ | ०.२४५ |
| कात्तिक | ४६९८.४५ | ५९०.२८ | १२.८२ | ५३०१.५५ | ०.०९० |
| मङ्सिर | ८३८२.०९ | ७६१.१४ | ८०६.२८ | ९९४९.५१ | ०.१६८ |
| पुष | ८९०८.१४ | २२४०.४५ | ८१७.२८ | ११९६५.८७ | ०.२०२ |
| माघ | ६९२१.३८ | ९९८.१६ | ५१३.६५ | ८४३३.१९ | ०.१४३ |
| **कुल** | **४७५६२.४०** | **६०७८.९६** | **५४६१.१३** | **५९१०२.४९** | **१** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०७८/७९ को माघ महिनासम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. ४ खर्ब ९८ अर्ब ५२ करोडको तुलनामा २३.० प्रतिशतले वृद्धि भई रु. ६ खर्ब १३ अर्ब ४१ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रु. ५ खर्ब ६० अर्ब ८४ करोड र गैरकर राजस्व रु. ५२ अर्ब ५७ करोड रहेको छ। साथै यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ६ खर्ब ५० अर्ब ४८ करोड सङ्कलन भएको छ।


http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो सात महिनाको राजस्व परिचालनको स्थिति (रु. करोडमा)**

| विवरण/आ.व. | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|
| **कर** | २९४३३ | ३४३५४ | ४०९०५ | ४४७८१.५ | ४५८१०.१५ | ५६०८४.३२ |
| **गैरकर** | २४८२.४ | ४१०५.९ | ४६३३.९ | ४४५६.५० | ४०४२.३१ | ५२५६.७७ |
| **कुल राजस्व** | ३१९१५ | ३८४६० | ४५५३९ | ४९२३८ | ४९८५२.४६ | ६१३४१.०९ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको माघसम्मको राजस्व असुलीको विवरण (रु. करोडमा)**


| कर शीर्षक | आ.व. २०७८/७९ वार्षिक लक्ष्य रू करोडमा | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन | माघ सम्मको लक्ष्य | माघ सम्मको लक्ष्यको तुलनामा असूली % |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | २७,८९२.४० | ११,९४५.२० | १४,७९८.६१ | २३.८९ | १५,५८५.०४ | ९४.९५ |
| **मूल्य अभिवृद्धि कर** | ३१,६३६.१० | १५,०४८.४५ | १७,९१४.२९ | १९.०४ | १७,३४६.८० | १०३.२७ |
| उत्पादन, बिक्री, सेवा | १३,६६७.३१ | ६,५१५.२९ | ६,२२३.२५ | (४.४८) | ७,०४८.०५ | ८८.३० |
| पैठारी | १७,९६८.७९ | ८,५३३.१६ | ११,६९१.०४ | ३७.०१ | १०,२९८.७४ | ११३.५२ |
| **अन्तःशुल्क** | १८,२१६.७८ | ७,२५०.५९ | ९,५५३.८१ | ३१.७७ | १०,३७०.०७ | ९२.१३ |
| आन्तरिक उत्पादन | ११,०७६.५० | ४,३६६.२६ | ५,७७५.२६ | ३२.२७ | ५,६९०.६५ | १०१.४९ |
| पैठारी | ७,१४०.२८ | २,८८४.३३ | ३,७७८.५४ | ३१.०० | ४,६७९.४२ | ८०.७५ |
| **शिक्षा सेवा शुल्क** | १०१.०० | २०.७१ | ३६.९१ | ७८.२२ | ५९.६० | ६१.९४ |
| **आयकर** | २८,९४९.९६ | ११,५४५.२० | १३,७८०.७० | १९.३६ | १४,७७७.५५ | ९३.२५ |
| आयकर | २५,५५०.४२ | ९,९४३.५६ | १२,१६४.०७ | २२.३३ | १२,४५७.३६ | ९७.६५ |
| ब्याज कर | ३,३९९.५४ | १,६०१.६३ | १,६१६.६३ | ०.९४ | २,३२०.१९ | ६९.६८ |
| **कर राजस्व जम्मा** | १०६,७९६.२५ | ४५,८१०.१५ | ५६,०८४.३२ | २२.४३ | ५८,१३९.०६ | ९६.४७ |
| **गैर कर जम्मा** | ११,२६३.७९ | ४,०४२.३१ | ५,२५६.७७ | ३०.०४ | ५,८८३.३७ | ८९.३५ |
| **कूल राजस्व जम्मा** | ११८,०६०.०४ | ४९,८५२.४६ | ६१,३४१.०९ | २३.०५ | ६४,०२२.४३ | ९५.८१ |
| **अन्य प्राप्ति** | - | ३,२१९.६६ | ३,७०६.७७ | १५.१३ | - | - |
| **जम्मा राजस्व/प्राप्ति** | ११८,०६०.०४ | ५३,०७२.१२ | ६५,०४७.८६ | २२.५७ | ६४,०२२.४३ | १०१.६० |


स्रोतः अर्थ मन्त्रालय।

४. चालु आर्थिक वर्षको माघसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर सङ्कलनमा केही कमी आएको छ भने अन्य सम्पूर्ण शीर्षकका कर राजस्वमा वृद्धि भएको छ।

५. चालु आर्थिक वर्षको माघसम्म कुल राजस्व लक्ष्यभन्दा बढी (१०१.६० प्रतिशत) सङ्कलन भएको छ।


**चार्ट (क): पछिल्लो २ आर्थिक वर्षको माघ महिनासम्मको सङ्कलित राजस्वको संरचना**



चालु आर्थिक वर्षको पहिलो सात महिनाको कुल राजस्वमा गैर कर र अन्तशुल्कको हिस्सा वृद्धि भएको छ भने आयकर र मूल्य अभिवृद्धि करको हिस्सा घटेको छ।

**चार्ट (ख): पछिल्लो ७ वर्षको पहिलो पाँच महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

६. आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को पहिलो सात महिनामा राजस्व वृद्धिदर केही न्यून रहेको थियो। कोभिड-१९ को सङ्क्रमणको रोकथाम र नियन्त्रणको लागि चालिएका कदमबाट अर्थतन्त्र प्रभावित भएको कारण आर्थिक वर्ष २०७७/७८ को पहिलो सात महिनामा १.२ प्रतिशत रहेको राजस्व वृद्धिदर चालु आर्थिक वर्षको सोही अवधिमा २३.० प्रतिशतले वृद्धि भएको छ।

## संघीय राजस्व

७. चालु आर्थिक वर्षको पहिलो सात महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ४ खर्ब ४० अर्ब २८ करोडको तुलनामा २३.२ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ४२ अर्ब ३४ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ५८ अर्ब २४ करोडको तुलनामा २२.० प्रतिशतले वृद्धि भई रू. ७१ अर्ब ७ करोड पुगेको छ।

## करको दायरा विस्तार

८. २०७८ माघसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ४४ लाख ८० हजार ८ सय २६ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता करदाता २७ लाख ५१ हजार ६ सय २४ (६१.४ प्रतिशत), व्यवसायिक स्थायी लेखा नम्बर लिने १७ लाख १५ हजार ६ सय ६५ (३८.३ प्रतिशत), र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर १३ हजार ५ सय ३७ (०.३ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ८ हजार ३ सय ६० र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या २ लाख २५ हजार १ सय २७ पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७८ असार मसान्त | आ.व. २०७७/७८ को माघसम्ममा थप | आ.व. २०७८/७९ को माघसम्ममा थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १५८०३८० | १५९,९९९ | १३५२८५ | १,७१५,६६५ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | २४७५७५३ | ३२५,८५७ | २७५८७१ | २,७५१,६२४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ९९९८ | २,५९८ | ३५३९ | १३,५३७ |
| **जम्मा स्थायी लेखा नम्बर** | ४,०६६,१३१ | ४८८,४५४ | ४१४,६९५ | ४,४८०,८२६ |
| मू.अ.कर | २९०७१४ | २२,६६१ | १७६४६ | ३०८,३६० |
| अन्तः शुल्क | १०४१८२ | १३,५५३ | १२०९४५ | २२५,१२७ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

९. आर्थिक वर्ष २०७८/७९ को पहिलो सात महिनामा वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ३५.३ प्रतिशतले कमी आई रु. १ खर्ब २१ अर्ब ३२ करोड रहेको छ। यसमध्ये अनुदान सहायता रु. ६ अर्ब ८५ करोड र ऋण सहायता रु. १ खर्ब १४ अर्ब ४७ करोड रहेको छ। वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः ५.६ प्रतिशत र ९४.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रु. १ खर्ब ८७ अर्ब ४३ करोड रहेको थियो।

१०. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये आई.एम.एफ, एशियाली विकास बैंक र विश्व बैंकबाट क्रमशः ३८.५ प्रतिशत, २२.६ प्रतिशत र १५.५ प्रतिशत प्राप्त भएको छ।

११. वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी बजेटरी सहायतामा ४७.१ प्रतिशत र सबैभन्दा कम खानेपानी तथा सरसफाई क्षेत्रमा ०.५ प्रतिशत प्राप्त भएको छ।

**तालिका (च): आर्थिक वर्ष २०७८/७९ को पहिलो सात महिनाको विकास सहायता प्रतिवद्धताको क्षेत्रगत अवस्था (रू. करोडमा)**

| क्षेत्र | अनुदान | ऋण | कुल | प्रतिशतमा |
|---|---|---|---|---|
| शिक्षा | २९१.६७६ | १२९२.९५ | १५८४.६२६ | १३.१ |
| उर्जा | ० | ७१७ | ७१७ | ५.९ |
| खानेपानी तथा सरसफाई | ५९.६५५ | ० | ५९.६५५ | ०.५ |
| कृषि | ० | ११६२.२७३ | ११६२.२७३ | ९.६ |
| कोभिड | ० | १९६९.७७ | १९६९.७७ | १६.२ |
| स्वास्थ्य | ० | ५८७.९५ | ५८७.९५ | ४.८ |
| वन तथा वातावरण | ३३३.९३५ | ० | ० | ०.० |
| बजेटरी सहायता | ० | ५७१७.०३६ | ५७१७.०३६४ | ४७.१ |
| जम्मा | ६८५.२६६ | ११४४६.९८ | १२१३२.२४५४ | १००.० |

स्रोतः अर्थ मन्त्रालय

## वित्तीय क्षेत्र

१२. आर्थिक वर्ष २०७८/७९ को मङ्सिर महिनासम्म वार्षिक विन्दुगत आधारमा निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको वृद्धिदर क्रमशः १४.६ प्रतिशत र २५.३ प्रतिशतले वृद्धि भएको छ।

१३. २०७८ माघसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। २०७७ को सोही अवधिमा ७४९ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको थियो।

१४. २०७७ माघ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १४३ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७८ माघ मसान्तमा १२८ कायम भएको छ। गत आर्थिक वर्षको २०७७ माघ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या १०,३६६ रहेकोमा २०७८ माघ मसान्तमा शाखा सङ्ख्या ११,२५५ पुगेको छ।

## बीमा क्षेत्र

१५. चालु आर्थिक वर्षको माघ महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३८.८ प्रतिशतले वृद्धि भई १ करोड १० लाख ८६ हजार ६ सय ८९ पुगेको छ। जसमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ८६.७ प्रतिशत र १३.३ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ८१.८ प्रतिशत र १८.२ प्रतिशत रहेको थियो।

१६. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.६ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ३ अर्ब ११ करोड पुगेको छ। गत आर्थिक वर्षमा उक्त रकम रू. ९२ अर्ब ४१ करोड रहेको थियो।


१७ यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७८.८ प्रतिशत र २१.२ प्रतिशत रहेको छ। गत वर्षको माघ महिनासम्म उक्त हिस्सा क्रमशः ८०.७ प्रतिशत र १९.३ प्रतिशत रहेको थियो।

१८. चालु आर्थिक वर्षको माघ महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ३५.२ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या २५.७ प्रतिशत रहेको थियो।

## पूँजी बजार

१९. २०७७ माघ मसान्तमा २५२६.९२ विन्दुमा रहेको नेप्से सूचकांक २०७८ माघ मसान्तमा २८०१.५७ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण १६.२ प्रतिशतले वृद्धि भई रु. ३९ खर्ब ५९ अर्ब ६५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. ३४ खर्ब ६ अर्ब १७ करोड रहेको थियो।

**चार्ट (ग): पछिल्लो ५ आर्थिक वर्षको माघ मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२०. २०७८ माघ महिनाको २ गते २९२६.७५ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतारचढावका बीच महिनाको अन्तिम कारोवार भएको दिन माघ २७ गते २८०१.५७ विन्दु कायम भएको छ।

**चार्ट (घ): २०७८ माघ महिनाको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२१. २०७८ माघ मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ५.९७ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति २.७० प्रतिशत रहेको थियो।

२२. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.०० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.९६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ३.०२ प्रतिशत र २.४४ प्रतिशत रहेको थियो।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

२३. आर्थिक वर्ष २०७८/७९ को पहिलो सात महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८८.३ प्रतिशतको उच्च वृद्धि भई रु. १ खर्ब ३१ अर्ब ६५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. ६९ अर्ब ९२ करोड रहेको थियो। यस अवधिमा प्रशोधित पाम तेल, सूर्यमुखीको प्रशोधित तेल र भटमासको प्रशोधित तेलको निर्यात उल्लेख्य वृद्धि भएको छ। जुटका बुनिएका कपडा, सेन्थेटिक यार्न, फलफूलको जूस लगायतका वस्तुको निर्यातमा समेत उच्च वृद्धि भएको छ। यस अवधिमा अलैंचीको निर्यात भने ३८.३ प्रतिशतले घटेको छ।

२४. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ८०.८ प्रतिशत, ०.४ प्रतिशत र १८.८ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ७१.४ प्रतिशत, ०.८ प्रतिशत र २७.८ प्रतिशत रहेको थियो।

२५. यस अवधिमा भारत र चीन तर्फ भएको निर्यात ११३.० प्रतिशत वृद्धि भएको छ भने चीन तर्फको निर्यात १२.४ प्रतिशतले कमी आएको छ।

**तालिका (ज): पछिल्लो दुई आर्थिक वर्षको माघ महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | १९५९.०७ | ३६८५.३४ | ८८.१ |
| प्रशोधित पाम तेल | ०.०४ | ३४१५.५६ | - |
| सेन्थेटिक यार्न | ४४६.५ | ७०१.४१ | ५७.१ |
| उनी गलैंचा कार्पेट | ४१७.१५ | ५०९.८८ | २२.२ |
| तयारी कपडा | ३२३.६ | ४१९.७९ | २९.७ |
| जुटका बुनिएका कपडा | २३७.८३ | ३७०.३२ | ५५.७ |
| जमोठ कपडा | २४७.९ | २९४.२८ | १८.७ |
| फलफुलको जुस | १९५.२८ | २९१.५६ | ४९.३ |
| अलैची | ४२८.२२ | २६४.३१ | -३८.३ |
| सुर्यमुखिको प्रशोधित तेल | ५४.०१ | २६३.९७ | ३८८.७ |
| अन्य | २६८२.१२ | २९४९.११ | १०.० |
| **कुल** | **६९९१.७२** | **१३१६५.५३** | **८८.३** |

स्रोतः भन्सार विभाग।

### वस्तु आयात

२६. चालु आर्थिक वर्ष २०७८/७९ को माघ महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४२.८ प्रतिशतले वृद्धि भई रु. ११ खर्ब ४७ अर्ब ४६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. ८ खर्ब ३ अर्ब ६४ करोड रहेको थियो।

२७. चालु आर्थिक वर्षको माघ महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा मानव उपचारका भ्याक्सिन, कच्चा पाम तेल, पेट्रोल, एलपी ग्यास, भटमासको कच्चा तेल लगायतका वस्तुको आयात उच्च दरले बढेको छ।

२८. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६०.७ प्रतिशत, १४.४ प्रतिशत र २४.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६६.२ प्रतिशत, १४.४ प्रतिशत र १९.४ प्रतिशत रहेको थियो।

२९. यस अवधिमा भारत तर्फको आयातमा ३०.९ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको आयातमा ४२.३ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (झ): पछिल्लो दुई आर्थिक वर्षको माघ महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ३९७०.९२ | ७२९६.२ | ८३.७ |
| भटमासको तेल कच्चा | २०९८.९३ | ३९६६.६ | ८९.० |
| एल पि ग्यास | १७२६.६३ | ३४६९.५१ | १००.९ |
| पेट्रोल | १५९६.५९ | ३३५६.५५ | ११०.२ |
| एम.एस.विलेट | ३८१३.९७ | २९८७.४७ | -२१.७ |


| | | | |
|---|---|---|---|
| कच्चा पाम तेल | ३२२.१८ | २९२२.१९ | ८०७.० |
| मोवाइल टेलिफोन | २४०६.८२ | २८३८.५६ | १७.९ |
| सुन | १५०१.८३ | २७६२.८३ | ८४.० |
| भ्याक्सीन (मानव उपचारका) | १३४.३५ | २६८५.१ | १८९८.६ |
| एच.आर.सिट | १५३६.५ | २३५६.३१ | ५३.४ |
| अन्य | ६१२५५.४७ | ८०१०५.२७ | ३०.८ |
| **कुल** | **८०३६४.१९** | **११४७४६.५९** | **४२.८** |

स्रोतः भन्सार विभाग।

## व्यापार सन्तुलन

३०. आर्थिक वर्ष २०७८/८९ को माघ महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३८.४ प्रतिशतले वृद्धि भई रु. १० खर्ब १५ अर्ब ८१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रु. ७ खर्ब ३३ अर्ब ७२ करोड थियो।


**तालिका (ञ): पछिल्लो ५ आर्थिक वर्षको माघ महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति (रु अर्बमा)**




स्रोतः भन्सार विभाग

३१. विगत पाँच आर्थिक वर्षको माघ महिनासम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। निर्यातको वृद्धिदर आयातको तुलनामा उच्च भए पनि कुल वैदेशिक व्यापारमा आयातको हिस्सा उच्च भएकोले व्यापार घाटा उच्च दरले वृद्धि भएको हो।

**चार्ट (च): पछिल्लो ५ वर्षको माघ महिनासम्मको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

३२. चालु आर्थिक वर्षको माघसम्म कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः १०.३ प्रतिशत र ८९.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८.० प्रतिशत र ९२.० प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३३. आर्थिक वर्ष २०७८/७९ को पहिलो सात महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको संशोधित सेवा आय रु. ४४ अर्ब ५३ करोडको तुलनामा २९.९ प्रतिशतले वृद्धि भई रु. ७९ अर्ब ७ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको संशोधित सेवा खर्च रू. ७९ अर्ब ९० करोडमा ४२.० प्रतिशतले वृद्धि भई रू. १ खर्ब १३ अर्ब ४२ करोड पुगेको छ।

३४. आर्थिक वर्ष २०७८ को माघ महिनासम्म खुद सेवा आय रू. ५५ अर्ब ५९ करोडले ऋणात्मक रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ७२ अर्ब ८५ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३५. आर्थिक वर्ष २०७८/७९ को माघ महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ५ खर्ब ६७ अर्ब ८९ करोडको तुलनामा ४.९ प्रतिशतले कमी आई रु. ५ खर्ब ४० अर्ब १२ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह १०.९ प्रतिशतले वृद्धि भएको थियो।

३६. चालु आर्थिक वर्षको माघ महिनासम्म अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई २ लाख माथि पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ८५.४ प्रतिशतले कमी आई २४ हजार १५ रहेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भई १ लाख ५२ हजार ३ सय २५ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३७. आर्थिक वर्ष २०७८/७९ को माघ महिनासम्ममा शोधनान्तर स्थिति रु. २ खर्ब ४७ अर्ब ३ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. ९७ अर्ब ३६ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रु. ४ खर्ब १३ अर्ब ३९ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. ८९ करोड २१ लाखले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

३८. आर्थिक वर्ष २०७८/७९ को माघ महिनासम्म विदेशी विनिमय सञ्चितिमा गत वर्षको सोही अवधिको रू. १४ खर्ब ३२ अर्ब ३ करोडको तुलनामा १८.१ प्रतिशतले संकुचन आई रू. ११ खर्ब ७३ अर्ब २ करोड कायम भएको छ।

३९. आर्थिक वर्ष २०७८/७९ को माघ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ७.४ महिनाको वस्तु आयात र ६.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर


४०. २०७८ असार मसान्तको तुलनामा २०७८ माघ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.१ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १२०.३२ पुगेको छ। २०७८ असार मसान्तमा उक्त विनिमय दर रु. ११९.०४ रहेको थियो ।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४१. आर्थिक वर्ष २०७७/७८ को माघ महिनासम्म दर्ता भएका कम्पनीको संख्या १७,६४१ रहेकोमा चालु आर्थिक वर्षको माघ मसान्तमा यस्तो सङ्ख्या ८.५ प्रतिशतले वृद्धि भई १९,१७२ पुगेको छ।

चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो सात महिनाको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय।

## पर्यटक आगमन

४२. सन् २०२२ को फेब्रुवरीसम्म नेपाल आउने पर्यटकको सङ्ख्या १०३.९ प्रतिशतले वृद्धि भई ३६ हजार ७ सय ४१ रहेको छ। गत वर्षमा यस्तो सङ्ख्या १८ हजार २० रहेको थियो। सन् २०२१ को सोही अवधिमा कोभिड १९ महामारीको कारण कुल पर्यटक आगमनमा ८७.४ प्रतिशतले कमी आएको थियो।

४३. सन् २०२१ मा पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा उल्लेख्य वृद्धि भई रू ११ अर्ब ३५ करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो आय ९१.९ प्रतिशतले कमी आई रू ३ अर्ब ८९ करोड प्राप्त भएको थियो।

## अन्य गतिविधिहरू

४४. राजस्व छुट सम्बन्धी सूचना प्रकाशनको लागि मिति २०७८ माघ ९ गते मा मुद्रण विभागमा पठाइएको।

४५. आर्थिक वर्ष २०७८/७९ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन मिति २०७८ माघ २७ मा प्रकाशन गरिएको।

४६. माननीय अर्थमन्त्री जनार्दन शर्माले राष्ट्रिय वाणिज्य बैंकको ५७औं वार्षिकोत्सवलाई मिति २०७८ माघ १० गते भर्चुअल माध्यमबाट सम्बोधन गर्नुभयो। सो अवसरमा उहाँले आत्मनिर्भर हुनका लागि लगानी अति आवश्यक रहेकोले कृषि, पर्यटन र औद्योगिक क्षेत्रको लगानीलाई वृद्धि गर्न जोड दिनुभयो।

४७. माननीय अर्थमन्त्री जनार्दन शर्माले मिति २०७८ माघ १२ गते ७०औं अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा आयोजित एक समारोहमा भन्सार महसुलको विद्युतीय भुक्तानी (इपेमेन्ट) प्रणालीको सुरुवात गर्नुभयो।

४८. मिति २०७८ माघ १४ गते अर्थ विषयक विषयगत समितिको बैठक सम्पन्न भयो। सातै प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री सहभागी भर्चुअल बैठकमा माननीय अर्थमन्त्री जनार्दन शर्माले सबभन्दा बढी खर्च गर्ने प्रदेश सरकारलाई बढी बजेटको व्यवस्था गरिने बताउनुभयो। साथै, आम नागरिकलाई सरल र सहज रुपमा सेवा प्रवाह गर्ने सरकार नै हाम्रो सरकार र सोका लागि आवश्यक स्रोत साधन उपलब्ध गराउने तर्फ मन्त्रालय तयार रहेको बताउनु भयो।

४९. मिति २०७८ माघ १८ गते अर्थ मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०७८/७९ को पूँजीगत खर्चको समीक्षा बैठकमा माननीय अर्थमन्त्री जनार्दन शर्माले सबै मन्त्रालय र निकायले आ-आफ्नो ठाउँबाट जिम्मेवार भएर लागे पूँजीगत खर्च वृद्धि हुने बताउनु भयो।

५०. मिति २०७८ माघ १८ गते केन्द्रीय राजश्व चुहावट नियन्त्रण समितिको बैठक समितिका अध्यक्ष माननीय अर्थमन्त्री जनार्दन शर्माको अध्यक्षतामा भर्चुअल माध्यमबाट सम्पन्न भयो। उक्त कार्यक्रमका सहभागीलाई निर्देशन दिनुहुँदै उहाँले राजश्व चुहावट नियन्त्रणका लागि समन्वयात्मक रुपमा सबै लाग्नुपर्ने बताउनुभयो।